नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १९५ २०७९ साल फागुन २० गते शनिबार (4 Mar. 2023 Saturday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : दुई रेलमार्गबीच तादात्म्यता. ३ पृष्ठमा : मस्तिष्क मृत्यु भएका व्यक्तिबाट मिर्गौला ... ३ पृष्ठमाफुटबल स्टार मेस्सीलाई..

# राजविराज नगरपालिका क्षेत्रमा गाजा खेती सर्वाधिक

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सप्तरी प्रहरीले गाजा खेती फडान गर्ने अभियान चलाएपछि अहिले जिल्लाको विभिन्न स्थानमा सो अभियानलाई निरन्तरता दिएको छ ।

प्रहरीले उनका अनुसार चालु आ.ब.मा सबैभन्दा बढी राजविराज नगरपालिकाको विभिन्न वडाका गरी ३ हजार १ सय ८० गाँजाको बोट नष्ट गरिएको छ ।



चालु आ.व.०७९/०८० को हाल सम्म जिल्लामा १८ मध्ये १६ वटा स्थानीयतहका विभिन्न स्थानबाट गरी १७ हजार १ सय ३८ वटा गाँजाको बोट फडानी गरी नष्ट गरिसकेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिएका छन् । यस अवधीमा भने सप्तकोशी नगरपालिका र छिन्नमस्ता गाउँपालिका क्षेत्रबाट भने एउटा पनि गाँजाको बोट फेला नपरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ मा ८ हजार ७ सय ७२ गाँजाको बोट फडानी गरी नष्ट गरेको उनले बताए । राजविराज पछी सबै भन्दा धेरै डाक्नेश्वरी नगरपालिकाबाट २ हजार ४ सय ८५ गाँजाको बोट फडानी गरिएको प्रहरी तथ्याङ्कले देखाएको छ । यस्तै महादेवा गाउँपालिकाबाट २ हजार २ सय ४०, तिरहुत गाउँपालिकाबाट २ हजार १ सय ६, बोदेबर्साइन नगरपालिकाबाट १ हजार ७ सय ५०, अग्नीसाईर कृष्णासबरण गाउँपालिकाबाट ६ सय ५०, विष्णुपुर गाउँपालिकाबाट ४ सय १०, शम्भुनाथ नगरपालिकाबाट ३ सय ८०, तिलाठी कोइलाडी गाउँपालिकाबाट ३ सय २० र खडक नगरपालिकाबाट २ सय १४ गाँजाको बोट नष्ट गरिएको छ ।

कंचनरुप नगरपालिकाबाट १ सय ७६, सुरुङ्गा नगरपालिकाबाट १ सय ३८, राजगढ गाउँपालिकाबाट १ सय २५, बलान विहुल गाउँपालिकाबाट १ सय ५ तथा रुपनी गाँउपालिकाबाट ५० वटा गाँजाको बोट फडानी गरी नष्ट गरिएको छ ।

लागू औषधको रुपमा गाँजाको प्रयोग र कारोबार बढ्दै गएपछी प्रहरीले पछिल्लो चरणमा शुक्रबार सुरुङ्गा नगरपालिका वडा नं १० सिस्वा थल्हा टोलमा लगाइएको ४ दर्जन भन्दा बढी गाँजाको बोट प्रहरीले फडानी गरी नष्ट गरेको छ ।

दुई दिन अघि मात्र प्रहरीले जिल्लाको हनुमाननगर कंकालिनी र डाक्नेश्वरी नगरपालिकाको विभिन्न स्थानमा लुकीछिपी लगाइएको दर्जनौ गाँजाको बोट फडानी गरी नष्ट गरेको थियो ।

जिल्लाको खोजी टोलीले गाँजा खेती भइरहेको विभिन्न स्थानको पत्ता लगाएपछी जिल्लाबाट खट्ने थप टोलीले गाँजा खेती नष्ट गर्ने अभियान नै चलाएको डिएसपी नरेश कुमार सिंहले बताए । गरिबीका नाममा प्रतिबन्धित र स्वास्थ्यमा गम्भिर असर पार्ने खालका यस्ता वाली उत्पादन गर्न कसैलाई छुट नदिने निती अनुसार गाँजाको फडानी अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विद्युत चोरीमा एकै वडाका ६ जना गरी ७ जना कारवाहीमा




**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

बिद्युत चोरी गरेको आरोपमा सप्तरीको विष्णुपुर गाँउपालिकाका एउटै वडाका ६ जना गरी ७ जना पक्राउ परेका छन् ।

सो गाउँपालिका बडा २ मा शुक्रवार विधुत हुकिङ्ग गरेर चोरी गरीरहेको अवस्थामा ६ जना र अर्को बडा न. ४ का १ गरी ७ जना पक्राउ परेका हुन ।

बिद्युत प्राधिकरण वितरण केन्द्र राजविराज शाखाका कर्मचारी, शसस्त्र र नेपाल प्रहरीको संयुक्त टोलीले बडा नं. २ का लतर मुखिया, राजदेव यादव, दुखी लाल यादव, रमेश साह, जिवछ यादव र रवी साहलाई पक्राउ गरेको छ । यस्तै बिद्युत चोरी कै आरोपमा सोही गाउँपालिका बडा नं. ४ का गोविन्द साह पनि पक्राउ परेका छन् ।

उनीहरु प्राधिकरणको बिद्युत पोलमा हुक लगाई बत्ती बालिरहेको अवस्थामा पक्राउ

*बाँकी दुई पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म


# स्ववियु निर्वाचनका लागि नेवि संघको दुई समूहसहित १० दल तथा समूह दर्ता



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

आउँदो चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि शुक्रबार दल दर्ता प्रक्रिया सम्पन्न भएको छ । बिहान १० बजदेखि दिउँसो ३ बजेसम्म स्ववियु निर्वाचनमा सहभागी हुनका लागि सबै क्याम्पसमा विद्यार्थी सङ्गठनले आ-आफ्नो सङ्गठन दर्ता गराएका छन् ।

निर्वाचनका लागि राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा १० वटा दल तथा समूहहरुले दर्ता गरेको स्वबियु निर्वाचन अधिकृत रामअशिष यादवले जानकारी दिदै त्यसमध्ये नेपाली काँग्रेस निकट दुई विद्यार्थी समूहले दल दर्ता गरेको बताए । क्याम्पसमा २ हजार भन्दा बढी विद्यार्थीहरु (मतदाता) रहेका छन् ।

दर्ता भएका दल तथा समूहहरुमा समाजवादी विद्यार्थी युनियन नेपाल (जसपा निकट), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (नेकपा एमाले निकट), अखिल क्रान्तिकारी ( माओवादी केन्द्र निकट), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (नेकपा एस निकट), लोकतान्त्रिक विद्यार्थी संघ (लोसपा निकट), नेपाल विद्यार्थी संघ ( काँग्रेस निकट, मनोज कुमार यादव समूह), आम विद्यार्थी मोर्चा, राष्ट्रिय विद्यार्थी परिषद् (राप्रपा निकट), नेपाल विद्यार्थी संघ ( काँग्रेस निकट, रंजनकुमार यादव समूह) र विद्यार्थी जनमत संघ (

*बाँकी दुई पृष्ठमा*

## सम्पादकीय

# जलवायु परिवर्तनले कृषि क्षेत्रमा असर पार्दै

अहिले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा निकै असर परिरहेको छ। यसले कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पुऱ्याएको छ। चिसोका समयमा गर्मी, गर्मीको समयमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै आएको छ। मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ। जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाड्ोमा जस्ता कामहरु पनि भइरहेको छ।

नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ। यो मुलुक कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान दिएको देखिन्न। कृषिविधिले पनि यतातर्फ ध्यान पुऱ्याउनु पर्ने हो। यसको असरलाई सकेसम्म कम गर्ने बाहेक हामीसँग अरु कुनै विकल्प छैन। अब पृथ्वीलाई तात्नबाट रोक्नमा नेपालले गर्नसक्ने योगदान भनेको जंगल फडानी रोक्नु र नांगा डाँडामा वृक्षरोपण गर्ने मात्र हो। यो भन्दा बढी हामीले चाहेर पनि गर्नसक्ने अवस्था छैन।

जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान जरुरी छ। त्यसैले जलवायु परिवर्तनलाई अमूर्त भाषामा आतंकको विषय बनाउनुभन्दा जनतामा त्यसको असर कमभन्दा कम परोस् भनेर जलवायु परिवर्तनसँगै तालमेल हुने खालका योजना बनाउनु नै अहिलेको आवश्यकता हो। तसर्थ यसप्रति संघ, प्रदेश तथा स्थानिय सरकारले जनचेतनाका साथै दिर्घकालिन योजना बनाएर जलवायु परिवर्तन बारे गम्भिर हुनु पनि उत्तिकै जरुरी रहेको छ।

# दुई रेलमार्गबीच तादात्म्यता मिलाउने योजना

काठमाडौँ, १९ फागुन (रासस)।

सरकारले निर्माण सुरु गरेको पूर्व-पश्चिम रेलमार्ग र भारतीय सरकारको सहयोगमा अध्ययन गरिरहेको रेलमार्गका बीचमा तादम्यता मिलाउने (सिङ्क्रोनाइज) गर्न तयारी अघि बढाइएको छ।

रक्स्यौल-काठमाडौँ रेलमार्ग पनि निजगढ खण्डमा भेट हुने हुँदा निर्माण सुरु हुनु पहिले नै दुई लाइनबीच तादात्म्यता मिलाउन आवश्यक रहेको रेल बिभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जीनियर) अमन चित्रकारले बताउनुभयो। भारतीय पक्षले गत वर्ष नै रक्स्यौल-काठमाडौँको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन गरिरहेको छ।

भारतीय पक्षलाई लिखितरूपमा नै निजगढ खण्डको केही सूचना दिनका लागि भनिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "एउटा रेलबाट अर्को रेलमा यात्रु कसरी परिवर्तन गर्ने, कसरी उकाल्ने र ओर्लने, कसरी सामान एउटाबाट अर्कोमा हाल्ने र कसरी मालसामान ढुवानी गर्ने भनी मिलाउनुपर्ने हुन्छ।"

भारतीय कम्पनी कोंकण रेल्वे कम्पनी लिमिटेडले अध्ययनको काम गरिरहेकाले पहिले लिखितरूपमा नै पठाइएको प्रवक्ता चित्रकारले बताउनुभयो। त्यहाँबाट जवाफ नआएपछि अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट परराष्ट्र मन्त्रालय हुँदै भारतीय पक्षलाई अनुरोध गरिएको छ। उहाँले भन्नुभयो, "अहिलेसम्म जानकारी नपाइएको त्यसको प्रतिक्षा गरिएको छ।"

पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत अहिले निजगढ-भरतपुर खण्डको डिपिआर अध्ययन भइरहेको छ। पहिले सबै खण्डको अध्ययन भइसकेको भए पनि यो खण्डमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने भएकाले पुनः अध्ययन भइरहेको प्रवक्ता चित्रकारले बताउनुभयो। पहिलेको रेखाङ्कन चितवान राष्ट्रिय निकुञ्जभित्रबाट रहेकाले अहिले त्यहाँबाट नलगेर निजगढबाट हेटौँडा हुँदै भरतपुर लैजाने गरी डिपिआर भइरहेको उहाँले बताउनुभयो।

सरकारसँग भारतीय पक्षले गरेको सम्झौता (एमओयु) अनुसार सो अध्ययन प्रतिवेदन सुरु भएको १८ महिनामा दिनुपर्ने उल्लेख छ। प्रारम्भिक अध्ययनका आधारमा काठमाडौँ-रक्स्योल रेलमार्गको लम्बाइ एक सय २६ किमी अनुमान गरिएको थियो। निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल वरपरबाट घुमाएर गर्दा लम्बाइ केही बढ्नसक्ने देखिएको छ।

रक्स्यौल-काठमाडौँ रेलमार्ग ब्रोड गेजमा अध्ययन भइरहेको छ भने पूर्व-पश्चिम रेलमार्ग अहिले पछिल्लो चरणमा स्ट्याण्डर्ड गेजमा अध्ययन भइरहेको छ। भारत सरकारले निर्माण गरिरहेको अरु रेलमार्ग पनि ब्रोड गेजका रहेका छन्। चीन सरकारले सुरु गरेको काठमाडौँ-केरुङ रेलमार्ग भने स्टण्डर्ड गेजमा रहेको छ।

# आमसञ्चारसँग सम्बन्धित कानूनबारे ध्यानकर्षण गराउन आग्रह

काठमाडौँ, १९ फागुन (रासस)।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले आमसञ्चारमाध्यमसँग सम्बन्धित विधेयकबारे सांसदहरूको ध्यानाकर्षण गराउन प्रेस काउन्सिल नेपाललाई सुझाव दिनुभएको छ।

शुक्रबार यहाँ प्रेस काउन्सिल नेपालद्वारा अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा आयोजित 'आमसञ्चार माध्यममा महिलाको सवाल' विषयक कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो, "आमसञ्चार माध्यमसम्बन्धी विधेयक छिटो ल्याउन र प्रेस काउन्सिल ऐन संशोधन समयमै गर्नका लागि म व्यक्तिगत र संस्थागतरूपमा सुझाव लिन तयार छु।"

उहाँले थप्नुभयो, "विधेयकबारे छलफल गर्ने र पास गराउने भूमिका सांसदहरूले हो। सांसदसँगै दलका नेता र सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण हुने गरी छलफल तथा अन्तर्क्रिया बढाउन आवश्यक छ।"

उहाँले पत्रकारितालाई देशको चौथो अङ्ग भन्ने गरे पनि पत्रकारको मूल्याङ्कन हुन नसक्नु चिन्ताको विषय भएको बताउनुभयो। उहाँले विशेषगरी महिला पत्रकारको सुरक्षाका विषयमा राज्य सचेत रहेको समेत स्पष्ट पार्नुभयो।

अन्तर्क्रियामा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारसम्बन्धी ऐन र प्रेस काउन्सिल ऐन, २०४८ को संशोधन तत्काल गर्न सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो।

उहाँले भन्नुभयो, "सञ्चारमाध्यमको पुरानो परिभाषाले सञ्चारमाध्यमको नयाँ आयामलाई समेट्न सकेको छैन। काउन्सिलको ऐन र सञ्चारमाध्यमको ऐनलाई तत्काल संशोधन आवश्यक छ।" उहाँले सञ्चारमाध्यमलाई महिलामैत्री बनाउन आचारसंहिताको कार्यान्वयन आवश्यक भएको बताउनुभयो।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले समितिले सीमित क्षेत्राधिकारका कारण अपेक्षाअनुसार काम गर्न नसकेको गुनासो गर्नुभयो।

"न्यूनतम पारिश्रमिक निर्धारण समितिसँग पत्रकारका अपेक्षा धेरै छन्। तर समितिलाई अनुगमन र सिफारिस गर्नेबाहेक धेरै अधिकार छैन", उहाँले भन्नुभयो। न्यूनतम पारिश्रमिक लागू गराउनका लागि समितिलाई थप अधिकार दिनुपर्ने उहाँको भनाइ छ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारितामा महिलाको सहभागिता बढ्दै जानु सकारात्मक भएको धारणा राख्नुभयो। उहाँले सङ्ख्यासँगै लैङ्गिकमैत्री वातावरण बनाउनका सबै सरोकारवाला पक्ष लागि पर्नुपर्नेमा जोड दिनुभयो।

सह-प्राध्यापक कुन्दन अर्याल, अधिवक्ता दुर्गा अधिकारी र पत्रकार बबिता बस्नेतलगायतले महिला पत्रकारको सहभागिता बारेमा चर्चा गर्नुभएको थियो। अन्तर्क्रिया आमसञ्चारमाध्यममा महिलाको सवाल, महिला पत्रकारको सहभागिता, बौद्धिक हिंसा, कार्यस्थलमा हुने हिंसा र कार्य मूल्याङ्कनको विषयमा छलफल भएको थियो।

# कुटपिटबाट महिला घाइते

**दैनिक समाचारदाता**
**राजबिराज, १९ फागुन।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ५ मण्डल टोलमा एक महिलालाई निर्घात कुटपिट गरिएको छ।

स्थानिय २८ वर्षिय श्रवण मण्डलले ४० वर्षिया लिबिया देवी मण्डललाई कुटपिट गरेको प्रहरीले जनाएको छ।

कुटपिटबाट लिबियाको ढाड र बाँया खुट्टाको भित्रि भागमा चोट लागेको तथा उनलाई उपचारका लागि राजबिराजस्थित अस्पतालमा भर्ना गरिएको छ। यता प्रहरीले कुटपिट गर्ने श्रवण मण्डललाई खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### विद्युत चोरीमा एकै ...

परेको विद्युत प्राधिकरण वितरण केन्द्र राजबिराजका प्रमुख मधुसुधन यादवले जानकारी दिए। उनीहरुबाट प्रति ब्यक्ती १५ हजार ५ सय जरिवाना असुली तथा सचेत गराई मात्र छाडीने प्रहरीले जनाएको छ।

राजबिराज वितरण केन्द्र अर्न्तगत कुल ५३ हजार ९ सय ८८ ग्राहक छन्। विषेश गरी ग्रामिण क्षेत्रमा विद्युत हुकिङ्ग गरेर चोरी गर्ने गरिएको सुचना आउन थालेपछी प्रहरीको सहयोगमा निगरानी बढाइएको केन्द्रले जनाएको छ।

### स्ववियु निर्वाचनका ...

जनमत निकट) छन्।

यस्तै निर्वाचन कार्यतालिका अनुसार विद्यार्थी सङ्गठनले यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदबारी दर्ता गराउने छन्।

स्ववियु निर्वाचनका लागि आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म समय तोकिएको तोकिएको छ। देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुने छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मस्तिष्क मृत्यु भएका व्यक्तिबाट मिर्गौला र कलेजोको सफल प्रत्यारोपण

काठमाडौं, १९ फागुन (रासस)।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई जनामा मिर्गौला र एक जनामा कलेजोको सफल प्रत्यारोपण गरिएको छ।

शुक्रबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले एक व्यक्तिबाट प्राप्त अङ्गलाई तीन जनामा सफल प्रत्यारोपण भएको जानकारी दिनुभएको हो।

उहाँले भन्नुभयो, "गत मङ्गलबार सवारी दुर्घटनाबाट परी मस्तिष्क मृत्यु भएकी १७ वर्षीय युवतीबाट केन्द्र र भारतीय चिकित्सकको टोलीले तीन जनामा मृगौला र कलेजोको सफल प्रत्यारोपण गर्न सफल भएको छ।"

दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकी ती युवतीबाट रुपन्देही मायादेवी गाउँपालिका-४ पविका ४७ वर्षीय पुरुष र सिराहा जिल्ला सिराहा नगरपालिका-१ का ३५ वर्षीय पुरुषमा मिर्गौला प्रत्यारोपण गरिएको थियो। साथै ललितपुर महानगरपालिका-२५ का ६८ वर्षीय पुरुषलाई कलेजो प्रत्यारोपण गरिएको थियो।

केन्द्रले २०७४ वैशाख २८ गतेदेखि पहिलो पटक मस्तिष्क मृत व्यक्तिको अङ्गबाट प्रत्यारोपण सुरु गरेको थियो। हालसम्म केन्द्रमा पाँच जना व्यक्तिबाट अङ्ग प्राप्त गरी १३ जनामा प्रत्यारोपण भएको डा श्रेष्ठले जानकारी दिनुभयो।

डा श्रेष्ठका अनुसार हरेक वर्ष एक हजार जनाको मस्तिष्क मृत्यु हुने गर्छ तर अत्यन्त न्यून सङ्ख्यामा अङ्ग दान हुने गरेको छ। मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐनको पहिलो संशोधन २०७२ अनुसार अस्पतालले समन्वय इकाइमार्फत केन्द्रलाई जानकारी दिनुपर्ने प्रावधान भए पनि अस्पतालले जानकारी दिन हिचकिचाहट गर्ने गरेको डा श्रेष्ठले बताउनुभयो।

"विश्वमा ८० प्रतिशत प्रत्यारोपण दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकाबाट प्राप्त हुने गर्छ। तर नेपालमा अस्पतालले केन्द्रलाई जानकारी दिन हिचकिचाउने र सर्वसाधारणमा यससम्बन्धी चेतनाको अभावका कारण दान गर्नेको सङ्ख्या न्यून रहेको छ", उहाँले भन्नुभयो।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले जनचेतनाको अभावका कारण अङ्ग प्रत्यारोपणका लागि अङ्ग दान गर्नेको सङ्ख्या बढ्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "मस्तिष्क मृत्युपश्चात् अङ्गदान गर्नसके अन्य रोग लागेका धेरै बिरामीको ज्यान बचाउन सकिन्छ। तर जनचेतना अभावका कारण अङ्गदान गर्नेको सङ्ख्या बढ्न नसक्नु दुःखद कुरा हो।"

कलेजो प्रत्यारोपणमा डा रोशन घिमिरे, डा ललितकुमार दास र भारतीय प्रत्यारोपण विशेषज्ञ चिकित्सकको सहभागिता थियो। मिर्गौला प्रत्यारोपण कार्यमा प्रा डा राकेशकुमार वर्मा, प्रा डा पवन चालिसे, डा दिपेश श्रेष्ठ, डा रविकिरण गौतम, डा हरि बराल र डा रोजन अधिकारीलगायत सर्जरीमा कार्यरत चिकित्सकको सहभागिता थियो। एनेस्थेसिया तथा क्रिटिकल केयरमा डा आरती राई, डा निभा श्रेष्ठ, डा शोभित थापा र डा रश्मित श्रेष्ठको सहभागिता थियो।

# चैतमा न्यायिक समितिको राष्ट्रिय सम्मेलन

काठमाडौं, १९ फागुन (रासस)।

आगामी चैत १५ र १६ मा काठमाडौंमा दुई दिने न्यायिक सम्मेलन हुने भएको छ। सम्मेलनमा सहभागी हुनका लागि काठमाडौं महानगरपालिकाले देशभरका सात सय ५३ वटै स्थानीय तहलाई निमन्त्रणा गरेको छ।

महानगरले काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा सम्मेलन गर्न लागेको कामपाको उपप्रमुख एवं न्यायिक समितिको संयोजक सुनिता डङ्गोलले जानकारी दिनुभयो।स्थानीय तहमा न्याय सम्पादनको अनुभव आदानप्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको उहाँको भनाइ छ।

सम्मेलनको तयारीका लागि उपप्रमुख डङ्गोलको अध्यक्षतामा न्यायिक समिति मूल समारोह समिति गठन गरिएको छ। संयोजक डङ्गोलले सबै पालिकाका न्यायिक समितिबाट प्रतिनिधित्व गराउने र असल अभ्यास आदानप्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो।

सम्मेलन न्यायिक समितिको अवधारणा, विभिन्न कानूनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलनका विषयमा केन्द्रित हुनेछ। साथै स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धनसम्बन्धी विषय पनि समेटिनेछ।

न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि पालना गर्नुपर्ने प्रक्रिया तेस्रो प्रस्तुतिका रूपमा रहनेछ। यस्तै न्यायिक समितिमार्फत भएका मिलापत्र र निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा त्यसका लागि आवश्यक संस्थागत प्रबन्ध प्रस्तुतिको चौथो विषय रहने बताइएको छ।

संवैधानिक व्यवस्थाअनुरूप गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ। स्थानीय सरकारमा अहिले प्रयोगमा आएको न्यायिक प्रणालीलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ ? यसका चुनौतीहरू के-के छन् ? भन्ने विषयमा पनि सम्मेलनमा छलफल हुनेछ।

पछिल्लो १० महिनामा महानगरले न्यायिक समितिमार्फत गरेका असल अभ्यासका बारेमा जानकारी दिने तयारी पनि गरिएको छ। सम्मेलनमा मुलुकभरिका पालिका र अन्य व्यक्तिसहित एक हजार सहभागी रहने अपेक्षा गरिएको छ।

सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत प्रवन्धबाट उपयोगमा ल्याउन न्यायिक समिति राष्ट्रिय सञ्जाल, प्रदेश सञ्जाल र जिल्ला सञ्जाल चयन हुनेछ। राष्ट्रिय सञ्जालका पदाधिकारीको चयन पनि सम्मेलनबाटै हुनेछ। काठमाडौं विवाद निरुपण घोषणा, २०७९ जारी गर्दै सम्मेलन सकिने बताइएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी


## विश्व समाचार

### फुटबल स्टार मेस्सीलाई आक्रमणको धम्की, ससुरालीको पसलमा गोली प्रहार

ब्युनस आयर्स, (रासस/एपी)।

अर्जेन्टिनी फुटबल सुपरस्टार लियोनल मेस्सीलाई आक्रमणको धम्की दिँदै बन्दुकधारीको एक समूहले उनको ससुरालीको स्वामित्वमा रहेको सुपरमार्केटमा गोली प्रहार गरेका छन्।

मेस्सीकी श्रीमती एन्टोनेला रोकुजोको परिवारको स्वामित्वमा देशको तेस्रो ठूलो शहर रोजारियोकोस्थित युनिको सुपरमार्केटमा बिहीबार एक दर्जन गोली प्रहार गरेर आक्रमणकारीले छाडेको लिखित सन्देशमा मेस्सीलाई आक्रमणको धम्की दिइएको हो। ब्युनस आयर्सबाट तीन सय किलोमिटर उत्तरपश्चिममा रोजारियो शहर अवस्थित छ।

मेस्सीका ससुरालीको पसल बाहिर टाँसिएको सन्देशमा "मेस्सी ! हामी तिमीलाई पर्खिरहेका छौं, जाभकिन पनि लागूऔषध तस्कर हो, उसले तिम्रो ख्याल गर्दैन," भनिएको छ।

रोजारियोका शहरका प्रमुख पाब्लो जाभकिनले आक्रमण गरिएको पसलको अवलोकन गरेर लागुऔषध सम्बन्धी हिंसामा भएको वृद्धिलाई रोक्न असफल भएको भन्दै सङ्घीय अधिकारीहरूको आलोचना गरेका छन्।

मेस्सीलाई धेरै अर्जेन्टिनीले महान् फुटबल खेलाडीका रूपमा सम्मान गर्छन्। छत्तीस वर्षपछि उनको नेतृत्वमा अर्टेन्टिनी राष्ट्रिय टोलीले गत डिसेम्बरमा विश्वकप प्रतियोगिता जितेपछि उनीप्रतिको सम्मान अझ बढेको छ। मेस्सी हाल पेरिस सेन्ट-जर्मनबाट खेलिरहेका छन्। धेरै समय उनी विदेशमा नै बिताउँछन्। यद्यपि उनी रोजारियो पनि जाने गर्छन्। फ्युनेसको उपनगरमा उनो घर छ। फ्रान्सेली टोलीले बिहीबार बिहान मेस्सीको प्रशिक्षणको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरेको थियो।

रोजारियोका अभियोजक फेडेरिको रेबोलाले सुरक्षा क्यामेरा फुटेजको समीक्षा सुरक्षा अधिकारीहरूले गरिरहेका तथा प्रारम्भिक अनुसन्धान प्रारम्भ भएको बताएका छन्। मेस्सीका ससुरालीले पनि यस प्रकारको धम्की पहिलोपटक पाएको बताएका छन्।

सान्ता फे प्रान्तका न्याय मन्त्री सेलिया एरेनाले समाजमा आतङ्क मच्चाउन माफिया समूहले उक्त आक्रमण गरेको बताउनुभएको छ। उहाँले यो आक्रमणको उद्देश्य आपराधिक हिंसाविरुद्ध लडिरहेकाहरूलाई निरुत्साहित गर्न भएको सामाजिक सञ्जालमा लेख्नुभएको छ।

### लैङ्गिक समानताका लागि आवश्यक वातावरण बनाउन आग्रह

संयुक्त राष्ट्रसङ्घ, १९ फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले लैङ्गिक समानताका लागि आवश्यक पहल गर्न र यसका लागि वातावरण निर्माण गर्न सबैसँग आग्रह गर्नुभएको छ।

उहाँले विश्वमा महिला समानता कायम गर्न र यसका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभएको हो। विश्वमा नारी दिवसका अवसरमा दिनुभएको सन्देशमा उहाँले सो धारणा राख्नुभएको हो।

महासचिव गुटरेसले यस वर्षको विश्व नारी दिवसको नारा लैङ्गिक समानताका लागि डिजिटल तथा प्राविधिक विकास भन्ने रहेकाले विश्वमा लैङ्गिक समानताका लागि प्रविधिमा विकास गर्न र यसमा सहयोग गर्न आग्रह गर्नुभएको हो।

हरेक वर्ष ८ मार्चमा मनाइने विश्व नारी दिवस यस वर्ष लैङ्गिक समानताका लागि प्रविधिको विकास भन्ने नाराका साथ मनाउन लागिएको छ। उहाँले सो सन्देशमा विश्वका नारीहरूलाई पनि प्रविधिमा पहुँचका साथै प्रविधिको विकासका माध्यमबाट नारी समानताको वातावरण निर्माण गर्न सकिने बताउनुभएको हो।

उहाँले विश्व नारी दिवसका अवसरमा दिनुभएको सो सन्देशमा प्रविधिमा महिलाको पहुँच एवं उनीहरूले आर्जन गर्नसक्ने प्राविधिक ज्ञानले बालिकालाई शिक्षामा पहुँच प्रदान गर्नुका साथै विश्वमा लैङ्गिक समानता कायम गर्न सघाउ पुग्ने बताउनुभएको छ।

महासचिव गुटरेसले विश्वमा विकसित विज्ञान प्रविधिमा पनि नारीहरुको पहुँचबाट उनीहरुमा प्राविधिक मात्र नभएर अन्य क्षेत्रको पनि ज्ञान प्राप्त हुने भएकाले उनीहरुलाई इन्टरनेटर र प्रविधिको विकासका क्षेत्रमा लगाउनुपर्नेमा जोड दिनुभएको हो।

### युक्रेनको बाख्मुट सहर घेरिएको दाबी

मस्को, १९ फागुन (रासस/एएफपी)।

रुसी अर्धसैनिक समूह वाग्नरका प्रमुखले शुक्रबार आफ्ना लडाकाहरूले पूर्वी युक्रेनी सहर बाख्मुटलाई घेरेको दाबी गर्नुभएको छ। यस सहरलाई रुसले महिनौंदेखि कब्जा गर्न खोजिरहेको थियो।

"वाग्नर अर्धसैनिक समूह इकाइहरूले बाख्मुटलाई घेरेका छन, सहर छोड्न एउटा मात्र बाटो बाँकी छ", रुसी अर्धसैनिक समूह वाग्नरका प्रमुख येभगेनी प्रिगोजिनले युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई सहर छोड्नसमेत आह्वान गर्नुभएको समाचारमा जनाइएको छ।

# विद्यालयमा अनिवार्य भर्ना र नियमित पठनपाठन हुनुपर्ने वातावरण बनाउन शिक्षा मन्त्रि यादवको आग्रह



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १९ फागुन ।**

मधेस प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले विद्यालय जाने उमेर समूहका सबै बालबालिकाको सेवा क्षेत्रभित्रका विद्यालयमा अनिवार्य भर्ना र नियमित पठनपाठन हुनुपर्ने वातावरण बनाउन आग्रह गरेका छन् ।

धनुषाको धनौजी गाउँपालिका ४ भररिया बीचलाटोल मुसहरीस्थित श्री राष्ट्रिय आधारभूत विद्यालय र सोही गाउँपालिका ३ झोझीकटैयास्थित मद्रसा गुलसने राजा शुक्रबार निरीक्षण गर्दै मन्त्री यादवले सो आग्रह गर्दै यसका लागि स्थानीय सरकारले सामुदायिक विद्यालयको सबलीकरणका लागि तत्परता देखाउनुपर्ने बताए ।

मन्त्री यादवले मधेस प्रदेशमा एउटा पालिका पनि पूर्ण साक्षर नरहेको भन्दै साक्षर पालिका बनाउन स्थानीय तहहरूको अग्रसरता जरुरी रहेको बताए । उनले सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि प्रदेश सरकारले स्थानीय तहसँग साझेदारी गर्ने जानकारीसमेत दिए ।

आधारभूत शिक्षालाई गुणस्तरीय बनाउन सामुदायिक विद्यालयहरूमा भौतिक पूर्वाधार विकास एवम् जनशक्ति व्यवस्थापन आवश्यक रहेको भन्दै मन्त्री यादवले आधारभूत शिक्षालाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन सामुदायिक विद्यालयहरूलाई सबल बनाउनुपर्नेमा जोड दिए ।

मन्त्री यादवले मद्रसा शिक्षाका माध्यमले समेत बालबालिकाहरू शिक्षार्जनको मूलप्रवाहमा समाहित हुन आवश्यक कानुनी प्रक्रिया पुरा गरेर मद्रसा सञ्चालन गर्न सम्बद्ध पक्षलाई आग्रह पनि गरे ।

धनौजी गाउँपालिका ४ भररिया बीचलाटोल मुसहरीस्थित विद्यालयमा पठनपाठन गरिररहेका बालबालिकासँग कुराकानी गर्न मन्त्री यादव अचानक पुगेका थिए । मन्त्री यादवले त्यस विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ कक्षासम्मका विद्यार्थीहरूसँग पठनपाठनको स्थिति, शैक्षिक सामग्रीको उपलब्धता र दिवाखाजा आदिका विषयमा सोधपुछ गरेका थिए ।

दलित विद्यार्थीको बहुलता रहेको त्यस विद्यालयमा सेवाक्षेत्रका बालबालिकाहरू भर्ना भए पनि ५० प्रतिशतभन्दा बढी विद्यार्थी पढाइ छाड्ने गरेका छन् भने विद्यार्थीका लागि आवश्यक सँख्यामा डेस्कबेन्च छैन भने विद्यालयमा शिक्षक अभाव समेत रहेको छ ।

मन्त्री यादवले विद्यालयका समस्याका बारेमा धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार यादवसँग समेत छलफल गरेका थिए । गाउँपालिका कार्यालयमा भएको सो छलफलमा मन्त्री यादवले सामुदायिक विद्यालय हुनेखानेका छोराछोरीका लागि उपययुक्त नभएका र तिनमा बिपन्न दलित वा छोरीचेलीहरू मात्र पढ्ने दुर्भाग्यपूर्ण सोच बनेकामा चिन्ता व्यक्त गरे ।

# सवारी दुर्घटनामा एक महिलासहित तीन जना घाईते

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सप्तरीमा बिहीबार भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा एक महिलासहित मोटरसाइकल चालक गरि तीन जना घाईते भएका छन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा न. ३ गौरास्थित भित्रि सडक खण्डमा प्र.२-०१-००१ ह ०७३४ न.को सिटि रिक्साले पैदल यात्री ६५ बर्षिया मैनाबत्ति राउतलाई ठक्कर दिएको हो ।

बाटो काट्ने क्रममा राउतलाई ठक्कर दिदा टाँउकोमा चोट लागेको तथा उनलाई उपचार कालागि स्थानिय जिवन ज्योति अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

सिटि चालक सोही नगरपालिका ५ निवासी ३३ बर्षिय रामा प्रसाद मण्डल उपचारमा सलंग्न रहेको तथा सिटि रिक्सालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै बिहीबारै जिल्लाको बलान बिहुल गाउँपालिका २ चन्ही चोक हुलाकि सडक खण्डमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्र.२-०१-००१ प ८१८७ न. को मोटरसाइकलले बिपरित दिशाबाट आउँदै गरेको साईकल यात्री सोही गाउँपालिका ६ सेहरा बस्ने २२ बर्षिय दिपेश कुमार रामलाई ठक्कर दिएको छ ।

ठक्करबाट रामको टाउँको र हातमा चोट लागेको तथा मोटरसाइकल चालक बोदेबरसाईन ३ मधुवन बस्ने २६ बर्षिय रामकिशोर यादवको समेत टाउको र खुट्टामा चोट लागेकोले दुबैको स्थानिय क्लिनिकमा उपचार भइहरेको छ । प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिएको छ । प्रहरीले दुबै घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# गर्भवती हत्या अभियुक्तलाई कैद सजाय

सप्तरी, १९ फागुन (रासस) ।

गर्भवतीको हत्या गरेको आरोप लागेका नन्दी मण्डललाई तीन वर्षको कैद सजाय सुनाइएको छ । सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इड्नामको इजलासले सुनुवाई गर्दै मण्डललाई तीन वर्ष कैद सजायको फैसला गरेको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिनुभयो ।

हत्याको आरोप लागेका मृतकका देवर राजविराज नगरपालिका-१५ मुसहर्नियाका मुर्जा भनिने पञ्चदेव साह र निजकी श्रीमती प्रमिलादेवीलाई विसं २०७८ भदौ २७ मा जन्मकैद सजाय भएको थियो । साथै प्रमिलाका दाजु डाक्नेश्वरी नगरपालिका-७ ब्रह्मपुरका सत्यनारायण साहलाई तीन वर्ष कैद सजायको फैसला भएको थियो ।

अदालतले गत कात्तिक १६ गते हाजिर भई पुर्पक्षका लागि थुनामा रहेका सोही ठाउँका ताराचन्द्र साह र कात्तिक २७ मा अदालतमा हाजिर भई थुनामा रहेका सोही ठाउँका गोपीचन्द्र साहलाई भने सफाइ दिएको छ ।

राजविराज नगरपालिका-१५ मुसहर्नियाकी २४ वर्षीया बेचनीदेवी साहको हत्या आरोपमा पञ्चदेवसहित राजविराज नगरपालिका-१५ मुसहर्नियाका २४ वर्षीय धर्मेन्द्र साह र ५० वर्षीय थापा भनिने जिवछनारायण साह साउन ७ गते पक्राउ परेका थिए । यस्तै प्रहरीले २०७५ साउन ९ गते प्रमिलादेवी र निजका दाजु सत्यनारायणलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका धर्मेन्द्र र जिवछनारायणले २०७८ भदौ २७ गते अभियोगबाट सफाइ पाएका थिए । अदालतमा २०७८ पुस १९ गते हाजिर भएका जयनारायण साह सोही दिन पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा गएकामा २०७९ भदौ २९ गतेको इजलासबाट सफाइ पाएका थिए ।

बेचनीको शव २०७५ जेठ ३१ गते उनकै घरको शौचालयको 'सेप्टिक टचाइ्की'मा फेला परेको थियो । गाउँमा दुर्गन्ध फैलिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीको टोलीले उनको घरको उत्तरतर्फ रहेको शौचालयको सेप्टिकटचाइ्कीबाट गलेको अवस्थामा रहेको शव २०७५ असार १ गते उत्खनन् गरी निकालेको थियो ।

भारत पञ्जाबको जालन्धरबाट २४ वर्षपछि २०७२ असार ११ गते घर फर्केको भनिएका सूर्यनारायण साहले २०७२ मा सप्तरीको छिन्नमस्ता गाउँपालिका-६ लालापट्टि खुदीभखारीकी बेचनीसँग विवाह गरेका थिए । मृतकका बुवा रामकुमार साहले जिल्ला प्रहरी कार्यालयमा मृतककी सासु ५५ वर्षीया सोमनीदेवी भनिने शोमादेवी साह, मृतकका देवर पञ्चदेव, निजकी श्रीमती प्रमिला, उनीहरूका छोरा सन्तोषविरुद्ध जिल्ला प्रहरी कार्यालयले २०७५ असार २९ गते उजुरी दर्ता गरेको थियो ।

मृतकका पति सूर्यनारायण र निजकी छोरी दुई वर्षीया प्रतिभासमेत बेपत्ता छन् । उनीहरूलाई समेत हत्या गरेर नदीमा फालेको आशङ्कामा प्रहरीले खोजी गरे पनि शव फेला परेको छैन ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८११७२१५२६, ९८१७७८१९८७



शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➢खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➢शौचालयमा मात्र दिसापिसाब गरौं।
➢ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
➢हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➢सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*